# २७औं बैठक

आजमिति२०७५।१०।१८गतेका दिन दिउँसो १:०० बजेको समयमा धनगढी उप महानगरपालिकाकानगर प्रमुख श्री नृप बहादुर वडज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसि देहाय अनुसारका निर्णयहरु गरियो ।

**उपस्थिति :**

| क्र.सं. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री नृप बहादुर वड | नगर प्रमुख | | |
| २ | श्री शुसिला मिश्र भट्ट | नगर उप-प्रमुख | | |
| ३ | सन्तोष मुडभरी | कार्यपालिका सदस्य | | |
| ४ | नर बहादुर बम | कार्यपालिका सदस्य | | |
| ५ | बल बहादुर ऐर | कार्यपालिका सदस्य | | |
| ६ | दिपक कुमार थाप क्षेत्री | कार्यपालिका सदस्य | | |
| ७ | हिरा सिंह पातली | कार्यपालिका सदस्य | | |
| ८ | भागीराम चौधरी | कार्यपालिका सदस्य | | |
| ९ | सिताराम राना | कार्यपालिका सदस्य | | |
| १० | नारायण वराल | कार्यपालिका सदस्य | | |
| ११ | प्रेम भण्डारी | कार्यपालिका सदस्य | | |
| १२ | राजेन्द्र राना | कार्यपालिका सदस्य | | |
| १३ | गंगा राम राना | कार्यपालिका सदस्य | | |
| १४ | गणेश प्रसाद जोशी | कार्यपालिका सदस्य | | |
| १५ | बिजय राज जोशी | कार्यपालिका सदस्य | | |
| १६ | राम बजारी चौधरी | कार्यपालिका सदस्य | | |
| १७ | फुल राम चौधरी | कार्यपालिका सदस्य | | |
| १८ | लक्ष्मी नारायण चौधरी | कार्यपालिका सदस्य | | |
| १९ | माधव राना | कार्यपालिका सदस्य | | |
| २० | मुरारी अधिकारी | कार्यपालिका सदस्य | | |

Scanned by CamScanner

| | | | | |
|---|---|---|---|---|
| २१ | तिलुराम चौधरी | कार्यपालिका सदस्य | | |
| २२ | सिता राना | कार्यपालिका सदस्य | | |
| २३ | बसन्त कुमार ठाकुर | कार्यपालिका सदस्य | | |
| २४ | कल्याणी सिंह | कार्यपालिका सदस्य | | |
| २५ | गीता पन्त | कार्यपालिका सदस्य | | |
| २६ | यशोधा भण्डारी | कार्यपालिका सदस्य | | |
| २७ | प्रेम बहादुर बि.क. | कार्यपालिका सदस्य | | |
| २८ | रिस्नी देवी चौधरी | कार्यपालिका सदस्य | | |
| २९ | प्रेम सिंह बिस्वकर्मा | कार्यपालिका सदस्य | | |
| ३० | चक्र पाणी पाण्डे | सचिव | | |

Scanned by CamScanner

प्रस्ताव न. १

धनगढी नमूना प्राबिधिक बिद्यालयले बहुबर्षीय नमूना बिद्यालय गुरुयोजना तयार गरी यस धनगढी उ.म.न.पा.मा स्वीकृतिका लागि पेश गरेको गुरुयोजनालाई स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णय न. १

धनगढी नमूना प्राबिधिक बिधालयले बहुबर्षीय नमूना विधालय गुरुयोजना तयार गरी यस न.पा.मा स्वीकृतिका लागि पेश गरेकोले उक्त विधालयले तयार गरेको गुरुयोजनालाई स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव न. २

शिक्षा समितिको सिफारिस अनुसार राष्ट्रिय मा.बि.को नाम परिबर्तन सम्बन्धमा ।

निर्णय न. २

यस धनगढी उप-महानगरपालिका वा.नं. ४ उत्तर बेहड़ीमा अवस्थित राष्ट्रिय मा.बि. उत्तर बेहड़ीलाई तुलसीराम जोशीले रु. ७०,००,०००/- (अक्षेरुपी सत्तरी लाख) नगद सहयोग गरे वापत नगर शिक्षा समितिको सिफारिसको आधारमा बिद्यालयको नाम परिबर्तन गरी राष्ट्रिय तुलसीराम मा.बि. उत्तर बेहड़ी नामाकरण गर्ने निर्णय गरियो ।

प्रस्ताव न. ३

अपांगता भएका ब्यक्तिको परिचयपत्र वितरण कार्यविधि २०७५ का सम्बन्धमा ।

निर्णय न. ३

धनगढी उप-महानगरपालिकाको विधेयक समितिले सिफारिश गरेको अपांगता भएका ब्यक्तिको परिचयपत्र वितरण कार्यविधि २०७५ लाई स्वीकृत गरी राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो ।

प्रस्ताव न. ४

धनगढी उप-महानगरपालिकामा ई-रिक्सा संचालन तथा ब्यवस्थापन सम्बन्धमा ।

निर्णय न. ४

विद्यमान अवस्थामा संघ र प्रदेशले कानून नवनाए सम्मका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उप दफा ४ को (ट) २ मा सवारी साधन अनुमति ब्यवस्था भए बमोजिम स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण अनुमति, नविकरण, खारेजी, सेवाको गुणस्तर, भाडादर निर्धारण र नियमनको ब्यवस्था गर्न कानूनी रुपमा सहजता नदेखिएकोले यस विषयमा धनगढी उप महानगरपालिका भित्र ई-रिक्सा तथा तिन पांग्रे संचालन तथा ब्यवस्थापन गर्नका लागि अधिकार सम्पन्न तपसिलको समिति गठन गरी सो समितिको निर्णयानुसार ई रिक्सा तथा तिन पांग्रे संचालन तथा ब्यवस्थापन गर्ने निर्णय गरियो । साथै यस उप महानगरपालिकाबाट ई रिक्सा तथा तिन पांग्रे सबारी साधन ब्यबस्थापन सम्बन्धमा कानुन नबन्ने सम्मका लागि यस उप महानगरपालिका भित्र संचालन हुने गरि दर्ता नगर्न सम्बन्धित यातायात ब्यबस्था कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**तपसिल**

| | | |
|---|---|---|
| १. | श्री बल बहादुर ऐर अध्यक्ष वा.नं. ३ | संयोजक |
| २. | श्री प्रेम बहादुर बि.क. कार्यपालिका सदस्य | सदस्य |
| ३. | श्री यशोदा भण्डारी कार्यपालिका सदस्य | सदस्य |

Scanned by CamScanner

| | | |
|---|---|---|
| ४. | श्री यातायात ब्यवस्था कार्यालयको प्रतिनिधि | सदस्य |
| ५. | श्री जिल्ला ट्राफिक कार्यालयको प्रतिनिधि | सदस्य |
| ६. | श्री उपभोक्ता हित संरक्षण मंचको प्रतिनिधि | सदस्य |
| ७. | श्री कैलाली उद्योग बाणिज्य संघको प्रतिनिधि | सदस्य |
| ८. | श्री कैलाली जिल्ला पत्रकार महासंघको प्रतिनिधि | सदस्य |
| ९. | श्री विद्युतीय रिक्सा तथा तिन पांग्रे चालक मजदुर संघको प्रतिनिधि | सदस्य |
| १०. | नगरपालिका कार्यालयको कर्मचारी | सदस्य सचिव |

प्रस्ताव न. ५
योजना – उपभोक्ता तथा ठेक्का सम्झौता र कार्यान्वयनका सम्बन्धमा।

निर्णय न. ५
आ.व. २०७५/०७६ का लागि नगर सभाबाट स्वीकृत योजनाहरु माघ मसान्त भित्र सबै योजनाको उपभोक्ता समिति गठन गरी कार्यान्वयनमा लैजाने र बाँकी उपभोक्ता समिति गठन हुन नसक्ने वा कार्यान्वयन हुन नसक्ने योजनाको हकमा योजना परिवर्तन गरी कार्यान्वयनमा लैजाने तथा ठेक्काबाट संचालन हुने योजना पनि समयमानै सम्पन्न गर्नका लागि प्राविधिक शाखालाई निर्देशन गर्ने निर्णय गरियो।

प्रस्ताव न. ६
मेलमिलापकर्ताहरुलाई नगरसभाबाट सूचिकृत गर्ने सम्बन्धमा।

निर्णय न. ६
धनगढी उप-महानगरपालिकालाई आवश्यक पर्ने कम्तिमा ४८ घन्टे तालिम प्राप्त मेलमिलापकर्ताको सूचीकृत गर्ने र मेलमिलापकर्ताको सूची स्वीकृतीका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो।

प्रस्ताव न. ७
जग्गा बर्गिकरण तथा कृषियोग्य जमिन हो/होईन भनी सिफारिश गर्ने सम्बन्धमा।

निर्णय न. ७
भूमि ब्यवस्था, सहकारी तथा गरिब निवारण मन्त्रालय (भूमि ब्यवस्थापन महाशाखा) जग्गा प्रशासन शाखाको प.स. २८७२/२०७५/०७६– ४४५ च.न. ११७८ मिति २०७५/०९/२७ गतेको प्राप्त पत्रानुसार कृषियोग्य जगाको खण्डिकरण सम्बन्धमा मन्त्रालयबाट जारी गरिएको निर्देशन अनुसार कार्यान्वयनका लागि मिति २०७५।१०।१३ गते नगर प्रमुखको अध्यक्षतामा बसेको बैठकको निर्णयानुसार जग्गा उपयोगिता विश्लेषण प्राविधिक समितिले तयार पारेको प्रतिवेदनका आधारमा कार्यपालिकाले कृषि योग्य जग्गा हो/होईन भनि निर्णय गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो।

प्रस्ताव न. ८
राजश्व परामर्श समितिको बैठकको निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा।

Scanned by CamScanner

निर्णय न. ८

(क) यस आ.व. ०७५।०७६ का लागि यस धनगढी उप-महानगरपालिकाले ढुङ्गा, गिट्टी, वालुवा, माटो आदि प्राकृतिक एवं खनिज जन्य बस्तुहरूमा निकासी शुल्क बापत कर संकलन गर्ने कार्यका लागि मिति ०७५।६।१२ मा सूचना प्रकाशित गरी मिति ०७५।७।४ मा दरभाउ पत्र स्वीकृत भई श्री गरूड कन्स्ट्रक्सन, गोदावरी न.पा.-१०, प्रो. अशोक मल्लसंग ठेक्का सम्झौता समेत भई विविध कारणले निकासी कर संकलन गर्ने कार्य हुन नसकी ठेक्कामा बाधा, अवरोध र विरोध समेत भई कार्यान्वयन समेत हुन नसकेको अवस्थामा नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।१०।१५,च.न. ४६ को सुझाव कार्यान्वयन सम्वन्धि पत्र र आर्थिक मामिला तथा योजना मन्त्रालय, धनगढी, कैलालीको मिति २०७५।१०।६ को च.न. ४०५ को निर्णय कार्यान्वयन सम्वन्धि पत्र अनुसार उक्त वस्तु तथा सेवाहरूमा निकासी कर लिने व्यवस्था नेपालको संविधान र संङ्घीय कानुनमा नभएकोले ठेक्का सम्झौता भएको फर्म सित दुई पक्षीय सम्झौता रद्ध गरी उक्त फर्मले पेश गरेको नगद रकम र बैंक ग्यारेन्टी रकम सम्वन्धित फर्मलाई फिर्ता गर्ने सम्वन्धमा मिति २०७५।१०।१८ गते विहान बसेको राजश्व परामर्श समितिको निर्णयानुसार उक्त फर्म संगको सम्झौता रद्द गरी नगद रकम र बैक ग्यारेन्टी समेत फिर्ता गर्नका लागि कार्यपालिकालाई सिफारिश गरेकोले सिफारिश अनुसार नगरसभावाट अनुमोदन हुने गरी निर्णय गरियो ।

(ख) धनगढी उप-महानगरपालिकामा अन्य स्थानबाट भित्रिने र यस उप-महानगरपालिकाबाट बाहिरिने व्यापारिक प्रयोजनका कृषिजन्य वस्तुहरूमा धनगढी उपमहानगरपालिकाको आर्थिक ऐन, २०७५ को दफा (१४) बमोजिम कर संकलन गर्न सक्ने प्रावधान बमोजिम मिति २०७५।४।२० मा सूचना प्रकाशित भई श्री के.के. निर्माण सेवा, धनगढी-५, कैलाली, प्रो. केशव शाहीले रू २,५३,००,०००। मा साकार गरेको र निजलाई मिति २०७५।६।९ मा कृषिजन्य वस्तुहरूको ठेक्का सम्झौता गर्नका लागि पत्र पठाएकोमा निज सम्झौता गर्न नआई पुनःमिति २०७५।७।४ मा दोश्रो पटक सूचना प्रकाशित गरेको समयमा विभिन्न सरोकारवाला पक्षहरूवाट त्यस्तो कर तिर्ने सम्वन्धमा विवाद श्रृजना गरी कार्यान्वयन गर्न नसकिएको हुंदा निकासी कर सम्वन्धमा नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।१०।१५,च.न.४६ को सुझाव कार्यान्वयन सम्वन्धि पत्र र आर्थिक मामिला तथा योजना मन्त्रालय,धनगढी,कैलालीको मिति २०७५।१०।६ को च.न. ४०५ को निर्णय कार्यान्वयन सम्वन्धि पत्र अनुसार उक्त वस्तु तथा सेवाहरूमा निकासी कर लिने व्यवस्था नेपालको संविधान र संङ्घीय कानुनमा नभएकोले उक्त निकासी कर ठेक्का रद्ध गरी पहिलो पटक सूचना प्रकासित गर्दा पेश गरेको श्री के.के. निर्माण सेवाले राखेको धरौटी रकम फिर्ता गर्ने सम्वन्धमा मिति २०७५।१०।१८ गते विहान वसेको राजश्व परामर्श समितिको निर्णयानुसार माथि उल्लेखित मितिमा प्रकाशन गरिएको सूचना रद्द गरी श्री के.के. निर्माण सेवाले राखेको बैक ग्यारेन्टी रकम फिर्ता गर्नका लागि कार्यपालिकालाई सिफारिश गरेकोले सिफारिश अनुसार नगरसभावाट अनुमोदन हुने गरी निर्णय गरियो ।

(ग) यस आ.व. ०७५।०७६ का लागि यस धनगढी उप-महानगरपालिकामा वाहिरबाट भित्रिने र नगरपालिकावाट वाहिरिने कृषि तथा पशुजन्य व्यापारिक प्रयोजनका वस्तुहरू सीमा नाकामा वसी उठाउने सम्वन्धमा (सरसफाई शुल्क संकलन) मिति ०७५।२।२९ गते सिलबन्दि आव्हानको प्रकाशित सूचना बमोजिम श्री बालाजी कन्स्ट्रक्सन, धनगढी २ प्र. सुमित सिंहका नाउमा राजश्व परामर्श समितिको सिफारिस तथा कार्यपालिकाको मिति २०७५।७।२९ को संसोधित सम्झौता अनुसार कुल ठेक्का अंक रू. १८,४७,६०४। (VAT) बाहेक ठेक्का स्वीकृत भई कार्य संचालन हुदै आएकोमा नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।१०।१५,च.न. ४६ को सुझाव कार्यान्वयन सम्वन्धि पत्र र आर्थिक मामिला तथा योजना मन्त्रालय,धनगढी,कैलालीको मिति २०७५।१०।६ को च.न. ४०५ को निर्णय कार्यान्वयन सम्वन्धि पत्र अनुसार उक्त वस्तु तथा सेवाहरूमा निकासी कर लिने व्यवस्था नेपालको संविधान र संङ्घीय कानुनमा नभएको हुदां हालसम्म उक्त फर्मले संकलन गरेको कर रकम निर्धारण गरी प्रति महिना दामासाहीका दरले हिसाव गरी उक्त फर्मले यस कार्यालयमा जम्मा गरेको रकम कटाई बाकी रकम सम्वन्धित फर्मलाई फिर्ता गरी दुई पक्षीय ठेक्का सम्झौता रद्ध गर्ने सम्वन्धमा मिति २०७५।१०।१८ गते विहान वसेको राजश्व परामर्श समितिको निर्णयानुसार उक्त फर्मले संकलन गरेको कर रकम निर्धारण गरी प्रति महिना दामासाहीका दरले हिसाव गरी उक्त फर्मले यस कार्यालयमा जम्मा गरेको रकम कटाई बांकी रकम सम्वन्धित फर्मलाई फिर्ता गरी दुई पक्षीय ठेक्का सम्झौता रद्ध गर्नका लागि कार्यपालिकालाई सिफारिश गरेकोले सिफारिश अनुसार नगरसभावाट अनुमोदन हुने गरी निर्णय गरियो ।

Scanned by CamScanner

(घ) धनगढी उपमहानगरपालिकाको आर्थिक ऐन, २०७५ अनुसार क्लिनिक तथा ल्याबमा रू. १०,०००। तोकिएकोमा प्रचलित कानुन बमोजिम अनुमति प्राप्त क्लिनिक तथा ल्याब व्यवसाय दर्ताका लागि निवेदन पेश गरेमा क्लिनिकका लागि रू. ५०००। र ल्याबका लागि रू. ५०००। करको दर कायम गर्न राजश्व परामर्श समितिको निर्णयानुसार क्लिनिकका लागि रू. ५०००। र ल्याबका लागि रू. ५०००। करको दर कायम गर्ने । साथै तपसिल बमोजिमका शिर्षकहरूमा देहाय बमोजिम करका दरहरू तोकी राजश्व उठाउने र उक्त करका दरहरू नगरसभाबाट अनुमोदन हुने गरी निर्णय गरियो ।

१। टर्की पालन व्यवसाय रू ५००।-
२। तमसुक प्रमाणित रू २००।-
३। बहुउद्येशीय पशुपंक्षी,कृषि व्यवसाय रू २०००।-
४। मदिरा रहित क्याफे रू १५००।-
५। मदिरा सहित क्याफे रू ३०००।-
६। कोल्ड स्टोर रू ७०००।-
७। सुन चांदी गहना बनाउने तालिमका लागि रू ३०००

प्रस्ताव न. ९

इन्डोनेसिया भ्रमणका सम्बन्धमा।

निर्णय न. ९

धनगढी उप-महानगरपालिकाका नगर उप-प्रमुख र डिभिजनल ईन्जिनियरको ईन्डोनेसिया भ्रमणमा गएको बारे जारकारी गराउदै उक्त भ्रमणमा जान मिति २०७५/१०/०२ गतेको नगर प्रमुख बाट सदर भएको टिप्पणी तथा आदेशानुसारको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

प्रस्ताव न. १०

नगर प्रमुख कल्याणकारी कोष स्थापना गर्ने सम्बन्धमा।

निर्णय न. १०

नगर प्रमुख कल्याणकारी कोष स्थापना गर्ने र कोष संचालन कार्यविधि बनाई सोही कोषबाट छात्रवृत्ती, अनाथ असाहय, गरीब स्वास्थ्य सेवा तथा विपद व्यवस्थापन जस्ता कार्यहरुमा खर्च गर्ने गरी संचालन गर्ने निर्णय गरियो।

प्रस्ताव न. ११

ब्यवसाय दर्ता तथा नविकरणको कार्यमा कैलाली उद्योग बाणिज्य संघ सँग सहकार्य गर्ने सम्बन्धमा।

निर्णय न. ११

यस नगरपालिका क्षेत्रभित्रका व्यापारीहरूले नगरपालिकामा आफनो व्यवसाय कर नवुझाउने व्यापारीहरूवाट तोकिए वमोजिमको वांकी वक्यौता रकम संकलन गर्नका साथै नगरपालिकामा व्यवसाय दर्ता नगराएका व्यापारीहरूलाई व्यवसाय दर्त्ता गर्न लगाई करको दायरा भित्र पार्ने गरी स्थलगतमानै इजाजत पत्र दर्ता तथा नविकरण समेत गर्न कैलाली उद्योग वाणिज्य संघको सहकार्य तथा साझेदारीमा राजश्व संकलन बढी भन्दा बढी गरी राजश्वको लक्ष्य प्राप्त गर्नका शिविर/क्याम्प सन्चालन गरी सहजताका लागि सहकार्य गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १२

स्थानीयतहमा कार्यरत स्थायी कर्मचारीहरुलाई समकक्षता निर्धारण गरी स्तरबृद्धि तथा ग्रेड रकमथप गर्ने सम्बन्धमा।

Scanned by CamScanner

प्रस्ताव न. १३

ग्राभेल कार्यको रकम भुक्तानी गर्ने सम्बन्धमा।

निर्णय न. १३

यस धनगढी उ.म.न.पा.का विभिन्न वडामा वर्षातको समयमा भएका खाल्टा खुल्टीहरुमा यस उ.म.न.पा.ले विगतमा गरिएको ग्राभेल कार्यको रकम मर्मत सम्भार कोषबाट गर्नका लागि वडा अध्यक्षको सिफारिस तथा प्राविधिक मूल्यांकनको आधारमा भुक्तानी गर्ने निर्णय गरियो।

प्रस्ताव नं. १४

बिभिन्न संग सस्थाहरुलाई सहयोग प्रबर्द्धन गर्ने सम्बन्धमा।

निर्णय नं. १४

यस धनगढी उप-महानगरपालिका क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरु तथा ब्यक्तिहरुलाई तिनीहरुको कार्यक्रमका आधारमा र स्वीकृत बजेटको श्रीर्षकबाट तपसिल बमोजिम सहयोग उपलब्ध गराउने निर्णय गरियो।

**<u>तपसिल</u>**

| | | |
|---|---|---|
| १. | पशुपति कप धनगढी उप-महानगरपालिका वडा नं. १ | रु. १५०,०००। |
| २. | मनकामना युवा क्लब धनगढी उप-महानगरपालिका वडा नं. १२ | रु १००,०००। |
| ३. | महिला आत्मा सुरक्षा कार्यक्रम धनगढी उप-महानगरपालिका वडा नं. १ | रु १००,०००। |
| ४. | आरन संचालन (हेमराज बि.क.) सम्बन्धी धनगढी उप-महानगरपालिका वडा नं. ७, | रु. ५०,०००। |
| ५. | सुर्मा देवी युवा क्लब, धनगढी उप-महानगरपालिका वडा नं. १९, | रु. ७५,०००। |
| ६. | जेसिसको कार्यक्रमलाई | रु.१,५०,०००।– |
| ७. | घरेलु तथा साना उद्योग महासंघको कृषि प्रदर्शनि मेला कार्यक्रम (एस.पि.कार्यालयमा संचालित) | रु. २,००,०००।– |
| ८. | नव बुद्ध युवा क्लव फुलवारी मोहत्सव कार्यक्रम | रु. २,००,०००।– |
| ९. | सु.प.आईडल कार्यक्रम | रु. १,००,०००।– |
| १०. | माघी मेला वडा नं. ६ को कार्यक्रम | रु.५०,०००।– |
| ११. | माघी मेला वडा नं. ९ को कार्यक्रम | रु ४०,०००।– |
| १२. | नेपाल तामाङ्ग घेदुङले आयोजित कार्यक्रमलाई | रु. ५०,०००।– |
| १३. | वडा नं. २ मोहत्सव कार्यक्रम | रु.२,००,०००।– |
| १४. | मेरो श्रृङगार घर (आरटिष्ट माइकन) | रु.१५,०००।– |
| १५. | शान्तिनगर प्रहरी विटमा भाँडावर्तन खरिद बाफत | रु. १८,०००।– |
| १६. | प्रदेश न. ६ र ७ को बोसिंग कार्यक्रम | रु. १००,०००/०० |
| १७. | खडक बहादुर बि.क. | रु. ११,०००/०० |
| १८. | बल बहादुर धामी (१५ थान टीन बराबर रकम) | |
| १९. | राजेन्द्र शाहको क्रिया खर्च | रु. २५,०००/०० |
| २०. | राना थारुको कल्चर प्रर्बर्धन | रु. २००,०००/०० |
| २१. | बुद्ध अधिबेशन | रु ५०,००००। |
| २२. | होमस्टे अवलोकन भ्रमण | रु. ३०,०००।– |
| २३. | इन्जिनियरिङ्ग एसोसियसन | रु. १,००,०००।- |

Scanned by CamScanner

प्रस्ताव न. १५
योजनामा थप रकम सम्बन्धमा ।

निर्णय न. १५
वडा न. ८ को शिव उपभोक्ता समिति (बच्चा बाबु सिंहको घर जाने बाटो सम्म) को योजना संचालन गर्न वडा बाट थप भई आएको रु. ५०,०००/००, यस कार्यालयबाट थप रु. १००,०००/०० र पुरानो रु. १,००,०००/०० समेत गरी जम्मा रु. २,५०,०००/०० मा उक्त योजना संचालन गर्ने निर्णय गरियो ।

प्रस्ताव न. १६
योजना संचालन सम्बन्धमा ।

निर्णय न. १६
वडा न. १९, धनगढी उप-महानगरपालिकाको पुरानो हेल्थ पोस्ट को मर्मत र रंग रोगन गर्न ईस्टीमेट अनुसार खर्च रु. ३००,०००/०० ।

प्रस्ताव न. १७
मायाको चिनो तयार गर्ने सम्बन्धमा ।

निर्णय न. १७
धनगढी उप-महानगरपालिका कार्यालयको मातहतबाट संचालन हुने सम्पूर्ण सरोकारवाला कार्यालयहरुले अनिवार्य रुपमा मायाको चिनो तयार गर्दा मध्ये भागमा शिवपुरी धाम, दाया भागमा जाखोर ताल र बाया भागमा बेहडा बाबा मन्दिरको चिनो राखी तयार गर्ने निर्णय गरियो ।


Scanned by CamScanner

प्रस्ताव नं. १८

धनगढी उप-महानगरपालिकाको संस्थागत स्वःमूल्यांकन सम्बन्धमा।

निर्णय नं. १८

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहजीकरणमा "स्थानीय सरकारको संस्थागत स्व; मुल्यांकन कार्यविधि २०७५" अनुरुप गरिएको यस धनगढी उप-महानगरपालिकाको स्वःमुल्यांकनको तपसिल बमोजिमको प्रारम्भिक नतिजा कार्यपालिकामा प्रस्तुत भई विविध पक्षहरुमा छलफल गरिनुका साथै उक्त प्राम्भिक नतिजाका प्रमाणीकरणका आधारलाई पुष्ट्याइ गर्ने प्रमाणहरु देहाय बमोजिम रहेका छन् र सो को नतिजा हेर्नका लागि www.dhangadhimun.gov.np/ne मा समेत राख्ने निर्णय गरियो।




Scanned by CamScanner

प्रस्ताव न. १९

सहयोग प्रबर्द्धन गर्ने सम्बन्धमा।

निर्णय न. १९

देहायका संघ संस्थाहरु तथा ब्यक्तिहरुलाई तिनीहरुको कार्यक्रम अनुसार तथा न.पा.को बजेट श्रीर्षक आधारमा तपसिल बमोजिम सहयोग उपलब्ध गराउने निर्णय गरियो।

**तपसिल**

| | | |
|---|---|---|
| १. | बिन्दास मिडिया राष्ट्रिय कम्पिटिशन कार्यक्रम | रु. २५,०००। |
| २. | Mr Miss Fashion Hunt Sudur Paschim Nepal 2019 | रु ५०,०००। |
| ३. | फुलबारी बहुमुखी क्याम्पसलाई निशर्त अनुदान | रु १०,०००००। |
| ४. | ऐश्वर्य बहुमुखी क्याम्पस प्रदेश स्तरीय कार्यशाला गोष्ठी | रु १००,०००। |
| ५. | माघी खोजनी बोकनि ३ दिने मेला वडा नं.५ तारानगर | रु २५,०००। |
| ६. | बने सिंह गिरि औषधी उपचार वडा नं . १२ | रु ७०००। |
| ७. | विन्द्रा देवी नेपाली औषधी उपचार | रु. ११,०००। |
| ८. | सैपाल हिमाल आरोहण टोलीलाई | रु १००,०००। |

Scanned by CamScanner